मिति: २०८१/०५/२४, बैठक संख्या - ०२

आज मिति २०८१/०५/२४ गते सोमबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को दोश्रो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ……………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………………………………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………………………………………

१७.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी……………………………………………………

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन……………………………………………………

मिति: २०८१/०५/२४, बैठक संख्या - ०२

**प्रस्तावहरु:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. ढुङ्गा, गिटी र बालुवाको ठेक्का आवहान सम्बन्धमा ।
३. ठेक्का स्वीकृति सम्बन्धमा ।
४. बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा
५. आ.ब. २०८१।०८२ को योजना सञ्चालन सम्बन्धमा ।
६. विविध ।
    - आवधिक गाउँ शिक्षा योजना निर्माण समिति सम्बन्धमा ।
    - शिक्षा योजना लेखन कार्यदल सम्बन्धमा ।

मिति: २०८१/०५/२४, बैठक संख्या - ०२

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**निर्णय नं. - २**

यस गाउँपालिकाको तपशिलको खोला तथा क्षेत्रबाट नदिजन्य ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् गर्ने कार्य प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम वार्षिक रुपमा संकलन जम्मा **२७२९२ घ.मि. कुल जम्मा हुने रकम रु ६७,४१,४७५।- (अक्षरुपी सतसठ्ठी लाख एकचालिस हजार चार सय पचहत्तर रुपैयाँ मात्र) हुन आउने हाल सो क्षेत्रहरुमा रकम बराबरको** आवश्यक ठेक्का प्रक्रियाको लागि हिलिहाङ गाउँपालिका क्षेत्रको राजश्व परामर्श समितिका पदाधिकारी, सम्बन्धित वडाका वडा अध्यक्ष, सुरक्षा कर्मी लगाएत सहभागी टोलीले स्थलगत अनुगमन जम्मा ८ वटा क्षेत्रहरु मध्ये ५ वटा क्षेत्रमा संकलन गर्न सकिने र वाकी ३ वटा क्षेत्रमा IEE गरेको क्षेत्रमा नदिले धार परिवर्तन गरेको, सडक नदिले बगाएर लगेको, वगर समेत बगाएको उत्खननको लागि स्रोत नभएको हुदाँ गाउँपालिका उपाध्यक्ष एंव स्थानीय राजश्व परामर्श समितिका संयोजक स्थलगत अनुगमन गरि तयार पारेको प्रतिवेदनको आधारमा र प्रारम्भिक वातवरणीय परीक्षण प्रतिवेदनमा कायम भएको संकलन तथा विक्रि गर्न सकिने कुल क्षेत्र आठ मध्ये पाँच क्षेत्रबाट जम्मा वार्षिक १९,२२१ घ.मि. संकलन गरी कुल वार्षिक आम्दानी हुने रकम रु ४७,४७,८३४.२६/- (सत्चालिस लाख सत्चालिस हजार आठ सय चौतिस रुपैँया छबिस पैँसा मुल्य अभिवृद्धि कर बाहेको रकम) तपसिल बमोजिमको हुने गरी ठेक्का प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरीयो ।

क. उत्खनन गर्न सकिने क्षेत्र

| क्षेत्र | उत्खनन क्षेत्र | खोला | स्रोतबस्तु | खोलाको उत्खनन गरिने लम्बाई मि. | उत्खनन गर्न सकिने बगर क्षेत्रको चौडाइ मि . | संकलन भएको स्रोत वस्तुको औषत वार्षिक गहिराइ मि . | स्रोतवस्तुको वार्षिक संकलन परिमाण घ.मि. |
|---|---|---|---|---|---|---|---|
| १ | तमोर काबेली खोला त्रिवेणी, आँपेगाँडा आसपास, हिलिहाङ | तमोर खोला र काबेली खोला | रोडा, बालुवा, गिट्टी | १४६०३ वर्गमिटर | | | ५८४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | गाउँपालिका क्षेत्र तर्फको किनारा मात्र | | | | |
| २ | काबेली झोलुङ्गे पुल आसपास, हिलिहाङ गाउँपालिका क्षेत्र तर्फको किनारा मात्र | काबेली खोला | रोडा, बालुवा, गिट्टी | ३५५६ वर्गमिटर | १४२२ |
| ५ | थाम्देन बगर, हिलिहाङ गाउँपालिका क्षेत्र तर्फको किनारा मात्र | तमोर खोला | रोडा, बालुवा, गिट्टी | २३०९८ वर्गमिटर | ९२३९ |
| ४ | पिनासीटार वगर, हिलिहाङ गाउँपालिका<br><br>क्षेत्र तर्फको किनारा मात्र | तमोर खोला | रोडा, बालुवा, गिट्टी | ४९४१वर्गमिटर | १९७६ |
| ८ | भुते बगर, हेवा हाईड्रो आसपास हिलिहाङ गाउँपालिका क्षेत्र तर्फको किनारा मात्र | हेवा खोला | रोडा, बालुवा, गिट्टी | १८५७ वर्ग मिटर | ७४३ |

## ख. नदिले धार परिवर्तन गरी तपसिलका क्षेत्रमा उत्खनन गर्न नसकिने क्षेत्र

| क्षेत्र | उत्खनन क्षेत्र | खोला | स्रोतबस्तु | खोलाको उत्खनन गरिने लम्बाई मि. | उत्खनन गर्न सकिने बगर क्षेत्रको चौडाइ मि . | संकलन भएको स्रोत वस्तुको औषत वार्षिक गहिराइ मि . | स्रोतवस्तुको वार्षिक संकलन परिमाण घ.मि. |
|---|---|---|---|---|---|---|---|
| ६ | लामीबगर, माझिटार | तमोर खोला | रोडा, बालुवा, गिट्टी | १७३६ वर्गमिटर | | | ६९४ |
| ३ | लिम्बुनि पुल काचोबारी आरपास | तमोर खोला | रोडा, बालुवा, गिट्टी | ९४३६ वर्गमिटर | | | ३७७४ |
| ७ | खैरेनी, हेवा | हेवा खोला | रोडा, बालुवा, गिट्टी | ९००८ वर्गमिटर | | | ३६०३ |

मिति: २०८१/०५/२४, बैठक संख्या - ०२

**निर्णय नं. - ३**

हिलिहाङ गाउँपालिकाको प्रशासकीय भवन निर्माण योजना अन्तरगत मिति २०८०/१२/२६ गते बोलपत्र (ठेक्ना नं HRM/NCB/WORKS/080/081/04) आव्हान गरिएकोमा मुल्याङ्कन समितिबाट सम्पुर्ण कार्य पुरा गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६७ बमोजिम मुल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भएको प्रशासकीय भवन निर्माण योजना ठेक्काको स्वीकृत गरी सम्झौताको गरी आवश्यक प्रक्रिया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ उपदफा ५ बमोजिम यस हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाद्धारा आ.ब. २०८०।८१ मा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न भएका विविध योजना तथा कार्यक्रमहरु तथा आ.ब २०८१।०८२ मा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम प्रमथ त्रैमासिक समयावधिमा सम्पन्न योजना तथा कार्यक्रमहरुको आम नागरिक, सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि मिति २०८१।०६।१६ गते बार्षिक सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो।

**निर्णय नं. - ५**

आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसारको योजना/कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रकृया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ६**

**विविधः**

विद्यालय शिक्षा क्षेत्र योजना(SESP) कार्यान्वयनका लागि यस हिलिहाङ गाउँपालिकाको १० वर्षे आवधिक गाउँ शिक्षा योजना निर्माण गर्नका लागि तपसिल बमोजिमको योजना निर्माण समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

१. संयोजक- गाउँपालिका अध्यक्ष-श्री समर बहादुर अधिकारी
२. सदस्य- उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाई
३. सदस्य- प्र.प्र.अ. श्री टोपेन्द्र कुमार लिम्बु
४. सदस्य- वडाध्यक्ष- श्री धनपति गिरी
५. सदस्य- वडाध्यक्ष- श्री गणेश प्रसाद योङहाङ
६. सदस्य- सामाजिका विकास समिति संयोजक- श्री सुस्मा लवती
७. सदस्य- योजना शाखा प्रमुख- श्री प्रकाश अधिकारी
८. सदस्य- वडाध्यक्ष- श्री विर्ख बहादुर सुहाङ

९. सदस्य सचिव- शिक्षा अधिकृत- श्री केशव प्रसाद तिमल्सीना

हिलिहाङ गाउँपालिकाको १० वर्षे आवधिक गाउँ शिक्षा योजना निर्माणका लागि तथ्यांक व्यवस्थापन,अध्ययन र लेखन गर्नका लागि तपसिल बमोजिमको  योजना लेखन कार्यदल निर्माण गर्ने निर्णय गरियो ।

**तपसिल**

१. संयोजक- श्री केशव प्रसाद तिमल्सीना-शिक्षा अधिकृत
२. सदस्य- श्री राजन आचार्य-प्रा.स.
३. सदस्य- श्री होम प्रसाद खनाल-प्र.अ.
४. सदस्य श्री लक्ष्मी प्रसाद रसाइली-प्र.अ.
५. सदस्य- श्री भीम कुमारी भण्डारी-प्र.अ.
६. सदस्य-  श्री सुरेन्द्र प्रसाद ओझा-प्र.अ.
७. सदस्य- श्री नीतिराज भण्डारी प्र.अ.
८. सदस्य- श्री योगेश रत्न योङया
९. सदस्य- श्री ललिता लिम्बु